प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
मुकाम: बुटवल, नेपाल

# लुम्बिनी प्राविधिक विश्वविद्यालयको
## विधान
## (२०७९)

**प्रस्तावना:**
उच्च शिक्षा अध्ययन, अध्यापन र अनुसन्धान मार्फत प्राविधिक ज्ञान, सीप र सूचना प्रविधि सहितको सक्षम, उद्यमशील र सामाजिक मूल्य मान्यताप्रति सचेत नागरिक तयार गरी समाजलाई समयानुकूल, समृद्ध तथा आत्मनिर्भर बनाउन प्राविधिक विश्वविद्यालय स्थापना गरी सञ्चालन गर्न,
विश्वविद्यालय ऐन, २०७८ को दफा १३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले यो विधान बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **विश्वविद्यालयको स्थापना:** (१) प्राविधिक विषयमा उच्च शिक्षाको अध्ययन, अध्यापन र अनुसन्धानका लागि लुम्बिनी प्रदेश सरकारले विश्वविद्यालयको स्थापना गर्नेछ। यस विश्वविद्यालयको नाम "लुम्बिनी प्राविधिक विश्वविद्यालय" र अंग्रेजीमा "LUMBINI TECHNOLOGICAL UNIVERSITY" हुनेछ। यसको छोटकरी नाम नेपालीमा **"लु. प्रा. वि.वि."** र अंग्रेजीमा **"LTU"** रहनेछ।

(२) विश्वविद्यालयले प्राविधिक विधामा स्नातक, स्नातकोत्तर र अनुसन्धान तहका कक्षाहरु सञ्चालन गर्नेछ।

(३) यो विश्वविद्यालय बाँके जिल्लामा रहनेछ। विश्वविद्यालयका अध्ययन सँस्थान, स्कूल तथा विभागहरु प्रदेश सरकारले तोकेबमोजिम प्रदेश भित्रका अन्य जिल्लाहरुमा पनि रहन सक्नेछन्।

(४) यो विधान प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा,-

(क) "विश्वविद्यालय" भन्नाले "लुम्बिनी प्राविधिक विश्वविद्यालय" लाई सम्झनुपर्छ।

(ख) "कोष" भन्नाले विश्वविद्यालयको कोष सम्झनुपर्छ।

(ग) "प्रदेश सरकार" भन्नाले लुम्बिनी प्रदेश सरकार सम्झनुपर्छ।

(घ) "कार्यकारी परिषद्" भन्नाले विधानको दफा १३ बमोजिमको कार्यकारी परिषद् सम्झनुपर्छ।

(ङ) "सेवा आयोग" भन्नाले विधानको दफा १५ बमोजिमको विश्वविद्यालय सेवा आयोग सम्झनुपर्छ।

(च) "प्राज्ञिक परिषद्" भन्नाले विधानको दफा १७ बमोजिमको प्राज्ञिक परिषद सम्झनुपर्छ।

(छ) "अनुसन्धान केन्द्र" भन्नाले यस विधानको दफा १९ बमोजिम स्थापना हुने आविष्कार केन्द्र वा नवप्रवर्तन केन्द्र वा अनुसन्धान केन्द्र सम्झनुपर्छ।

(ज) "डीन" भन्नाले स्कूल वा अध्ययन संस्थानको प्रमुख सम्झनुपर्छ।



कृष्ण प्रसाद पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालय
बुटवल, नेपाल

(झ) "कार्यकारी निर्देशक" भन्नाले अनुसन्धान केन्द्रको प्रमुख सम्झनुपर्छ।

(ञ) "विभाग" भन्नाले यस विधान बमोजिम विश्वविद्यालयमा स्थापित केन्द्रीय वा अन्य विभाग सम्झनुपर्छ।

(ट) "नियमावली" भन्नाले विश्वविद्यालय नियमावली सम्झनुपर्छ।

(ठ) "शिक्षक" भन्नाले विश्वविद्यालयमा शिक्षा प्रदान गर्नेवा अनुसन्धान कार्यमा संलग्न प्राध्यापक, सह-प्राध्यापक, उप-प्राध्यापक सम्झनुपर्छ र सो शब्दले विश्वविद्यालयका विभिन्न तहका प्रशिक्षक तथा ऐन, नियमावली तथा यस विधान अन्तर्गत बनेका विनियममा शिक्षक भनी तोकिएको व्यक्तिलाई समेत जनाउँछ।

३. विश्वविद्यालयको छापः विश्वविद्यालयको एउटा छुट्टै छाप हुनेछ। त्यस्तो छाप अनुसूची -१ बमोजिमको ढाँचामा हुनेछ।

## परिच्छेद–२
## विश्वविद्यालयका उद्देश्यहरु

४. विश्वविद्यालयको उद्देश्यः (१) यस विश्वविद्यालयको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) प्रदेशका लागि आवश्यकताका आधारमा इन्जिनियरिङ् कृषि, वन, पर्यटन, सूचना प्रविधि जस्ता प्राविधिक विषयहरुमा उच्च तहको अध्ययन, अध्यापन र अनुसन्धानमार्फत दक्ष, योग्य र सीपमूलक र प्राविधिक जनशक्ति उत्पादन गर्ने,

(ख) विश्वविद्यालयमा संचालित विभिन्न प्राविधिक विषयमा गुणस्तरीय शिक्षाको सुनिश्चितता मार्फत विश्वविद्यालयलाई देशकै प्राविधिक शिक्षालयको केन्द्रको रुपमा स्थापित गर्ने,

(ग) देश भित्र र बाहिरका विभिन्न प्राविधिक विश्वविद्यालय तथा अनुसन्धान केन्द्रसँग सम्बन्ध र समन्वय कायम गरी विश्वको बदलिँदो परिवेश अनुकुलको मानवस्रोत उत्पादन गर्ने,

(घ) विश्वविद्यालयमा संचालित विभिन्न प्राविधिक विषयहरुमा व्यवहारिक ज्ञान प्रदान गर्न विश्वविद्यालय भित्र आविष्कार, अनुसन्धान र नवप्रवर्तन केन्द्र स्थापना गरी विद्यार्थीहरुमा व्यवसायिकता र उद्यमशीलताको विकास गर्ने,

(ङ) विश्वविद्यालयमा निर्माण गरिएको ज्ञान र प्रविधिलाई बौद्धिक सम्पत्ति सम्बन्धि अधिकार अर्थात पेटेन्ट अधिकारको माध्यमबाट औद्योगिक क्षेत्रमा प्रसार गर्ने।

५. विश्वविद्यालयका उद्देश्य प्राप्तिका लागि गरिने कार्यहरुः विश्वविद्यालयले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कार्यहरु गर्नेछः

(क) प्रचलित कानून बमोजिम विश्वविद्यालयलाई आवश्यक पर्ने सम्पत्ति प्राप्त गर्ने वा भौतिक संरचना निर्माण गर्ने वा आवश्यकता अनुसार भाडामा वा लिजमा लिने र विश्वविद्यालयका लागि आवश्यक पर्ने विभिन्न सामान तथा सवारी साधन खरिद गरी वा भाडामा लिई प्रयोग गर्ने।

(ख) विश्वविद्यालयमा बिभिन्न स्कुल, अध्ययन संस्थान र विभाग स्थापना तथा सञ्चालन गर्ने,



कृष्ण प्रसाद पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालय
मुकाम: बुटवल, नेपाल

(ग) प्रविधिको क्षेत्रमा परिणाममुखी अनुसन्धान र परीक्षणमूलक क्रियाकलापहरु संचालन गर्ने,

(घ) वस्तु तथा सेवा उत्पादनको व्यवहारिक ज्ञान मार्फत विद्यार्थीहरुमा उद्यमशीलताको विकास गर्ने उद्योग तथा सेवा सञ्चालन केन्द्र स्थापना र सञ्चालन गर्ने,

(ङ) विश्वविद्यालयबाट उच्च शिक्षाको अध्ययन पूरा गर्ने विद्यार्थी, सीपमुलक प्रशिक्षण लिने प्रशिक्षार्थी वा अनुसन्धानकर्ता वा नवप्रवर्तकलाई विनियमावलीमा तोकिएबमोजिमको प्रमाणपत्र दिने,

(च) विनियमावलीमा तोकिएबमोजिम उपाधि, मानार्थ उपाधि, छात्रवृत्ति, पदक र पुरस्कारहरू प्रदान गर्ने,

(छ) स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थासँग सम्बन्ध तथा समन्वय कायम गर्ने,

(ज) स्वदेशी वा विदेशी प्राज्ञिक, शैक्षिक वा अन्य संस्था र व्यक्तिबाट विभिन्न प्राज्ञिक सहयोग प्राप्त गर्ने तथा शैक्षिक कार्यक्रमहरूको आदान प्रदान गर्ने,

(झ) विश्वविद्यालयमा विभिन्न खेलकूद तथा पाठ्यक्रमका अतिरिक्त अन्य कल्याणकारी कार्यक्रम सञ्चालन गर्ने,

(ञ) विश्वविद्यालयलाई आवश्यक पर्ने निर्देशिका तथा विनियम, मापदण्ड बनाउने,

(ट) प्रदेशभित्र रहेका अन्य विश्वविद्यालय वा तिनका आंगिक निकायहरुसँग समन्वय र सहयोग आदान प्रदान गर्ने,

(ठ) बौद्धिक अधिकार तथा पेटेन्ट दर्ताका लागि आवश्यक कार्य गर्ने गराउने,

(ड) विश्वविद्यालयसँग सम्बन्धित तोकिएका अन्य कामहरू गर्ने।

## परिच्छेद–३

## विश्वविद्यालयको संगठन संरचना र पदाधिकारीहरु

६. **विश्वविद्यालयको संगठन:** विश्वविद्यालयमा देहाय बमोजिमका निकायहरु रहनेछन:

(क) सभा

(ख) बोर्ड

(ग) कार्यकारी परिषद्

(घ) सेवा आयोग

(ङ) प्राज्ञिक परिषद्

(च) अनुसन्धान तथा नवप्रवर्तन प्रविधि केन्द्र

(छ) परीक्षा नियन्त्रण कार्यालय

(ज) स्कुल, अध्ययन संस्थान, विभाग

(झ) तोकिएका अन्य निकायहरू

७. **पदाधिकारी सम्बन्धी व्यवस्था:** (१) विश्वविद्यालयमा देहायबमोजिमका पदाधिकारीहरू रहने छन्:

(क) कुलपति,



कृष्ण प्रसाद पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, प्रविधि तथा खेलकुद मन्त्रालय
बुटवल, नेपाल

(ख) सहकुलपति,

(ग) उपकुलपति,

(घ) कुलसचिव,

(ङ) अध्यक्ष, सेवा आयोग,

(च) डीन,

(छ) कार्यकारी निर्देशक,

(ज) परीक्षा नियन्त्रक,

(झ) प्राचार्य /बिभागीय प्रमुख

(ञ) तोकिएका अन्य पदाधिकारीहरू ।

(२) विश्वविद्यालयको संगठनात्मक स्वरुप अनुसूची –२ बमोजिमको ढाँचामा हुनेछ।

## परिच्छेद–४

## विश्वविद्यालयका निकायहरुको गठन, काम, कर्तव्य र अधिकार

८. सभाको गठनः (१) विश्वविद्यालय सभाको गठन देहायबमोजिम हुनेछः

(क) कुलपति –अध्यक्ष

(ख) सहकुलपति –सदस्य

(ग) प्रदेश सरकारका प्रमुख सचिव –सदस्य

(घ) प्रदेश योजना आयोगको शिक्षा हेर्ने सदस्य –सदस्य

(ङ) प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालयको सचिव -सदस्य

(च) प्रदेश सरकारको आर्थिक मामिला हेर्ने मन्त्रालयको सचिव -सदस्य

(छ) प्रदेश सरकारको कानून हेर्ने मन्त्रालयको सचिव -सदस्य

(ज) विश्वविद्यालयमा सञ्चालित स्कुल, संकाय वा विभागसँग सम्बन्धित विषयगत मन्त्रालयका सचिव –सदस्य

(झ) विश्वविद्यालय रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी –सदस्य

(ञ) विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको स्थानीय तहको प्रमुख –सदस्य

(ट) बोर्डका मनोनित सदस्यहरु –सदस्य

(ठ) उपकुलपति –सदस्य

(ड) विश्वविद्यालयका डीन –सदस्य

(ढ) लुम्बिनी प्रदेश भित्र रहेका अन्य विश्वविद्यालयका उपकुलपतिहरु मध्ये अध्यक्षले मनोनित गरेका एकजना –सदस्य

(ण) कार्यकारी परिषदका सदस्यहरु –सदस्य

(त) विश्वविद्यालयका प्राध्यापक/शिक्षकहरु मध्येबाट उपकुलपतिको सिफारिसमा अध्यक्षबाट मनोनित एक जना महिला सहित दुईजना –सदस्य



कृष्ण प्रसाद पन्थ
सचिव

प्रदेश सरकार
शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालय
लुम्बिनी प्रदेश
मुकाम: बुटवल, नेपाल

(थ) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हासिल गरी प्राविधिक क्षेत्रको उच्च शिक्षामा महत्त्वपूर्ण योगदान पुर्याएका लुम्बिनी प्रदेशमा स्थायी बसोबास गरेका व्यक्तिहरु मध्येबाट अध्यक्षले मनोनित गरेका एकजना महिला सहित तीनजना –सदस्य

(द) उच्च शिक्षाको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएका आदिवासी, जनजाति, दलित, मुस्लिम, अल्पसंख्यक वा पिछडिएको वर्गका व्यक्तिहरु मध्येवाट सहकुलपतिले मनोनित गरेका बढिमा दुईजना -सदस्य

(ध) प्रदेशभित्रका वरिष्ठ उद्योगपति मध्येबाट कुलपतिले मनोनित गरेका एकजना –सदस्य

(न) लुम्बिनी प्रदेश भित्रका उच्चशिक्षा शिक्षणसंस्थाका प्रमुख मध्येबाट कुलपतिले मनोनित गरेका एकजना -सदस्य

(प) उपकुलपतिको सिफारिसमा अध्यक्षले मनोनित गरेको विद्यार्थी प्रतिनिधि एकजना –सदस्य

(फ) कुलसचिव –सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (प) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्ष र अन्य मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि मनोनित सदस्यहरुले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा पद अनुकूलको आचरण नगरेमा कुलपतिले पदावधि पूरा नहुँदै त्यस्ता सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम पदबाट हटाउनु अघि त्यस्ता सदस्यलाई सफाई पेश गर्ने मौका दिनुपर्नेछ।

९. <u>सभाको बैठक:</u> (१) सभाको बैठक वर्षमा कम्तीमा दुईपटक विश्वविद्यालयमा बस्नेछ।

तर आवश्यक परेमा सभाको विशेष बैठक बोलाउन सकिनेछ।

(२) सभाको बैठक बस्नुभन्दा कम्तीमा बहत्तर घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य–सचिवले सबै सदस्यलाई उपलब्ध गराउनुपर्नेछ।

(३) सभाको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

तर गणपुरक संख्याको अभावमा बैठक स्थगित भई पुनः बोलाइएको बैठकमा सभाको सम्पूर्ण सदस्य संख्याको एकतिहाइ सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सभामा मनोनित सदस्यहरुको मनोनयन नभएको अवस्थामा तत्काल कायम रहेका सदस्यमध्ये पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

(५) सभाको बैठकको अध्यक्षता कुलपतिले गर्नेछ र निजको अनुपस्थितिमा बैठकको अध्यक्षता सह–कुलपतिले गर्नेछ।कुलपति र सहकुलपति दुवैको अनुपस्थितिमा सभाको अध्यक्षता उपकुलपतिले गर्नेछ।

(६) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरेबमोजिम हुनेछ।



कृष्ण प्रसाद पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
मुकाम: बुटवल, नेपाल

(८) सभाको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति र सदस्यसचिवले प्रमाणित गर्नेछन्।

(९) सभाले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार बोर्ड, कार्यकारी परिषद्, प्राज्ञिक परिषद् वा अन्य पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१०. <u>सभाको काम, कर्तव्य र अधिकारः</u> (१) सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विश्वविद्यालयको नीति, योजना, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) बोर्ड वा अन्तर्गतका निकायबाट स्वीकृतिका लागि नियमानुसार पेश भएका विषयहरु आवश्यकता अनुसार स्वीकृत गर्ने,

(ग) विश्वविद्यालयलाई मार्गदर्शन गर्ने,

(घ) विश्वविद्यालयका विनियम, निर्देशिका तथा मापदण्ड स्वीकृत गर्ने,

(ङ) शिक्षण संस्थाहरु थप गर्न प्रदेश सरकारसमक्ष सिफारिस गर्ने,

(च) विश्वविद्यालय अन्तर्गतका अन्य निकाय, पदाधिकारी तथा कलेजहरुलाई आवश्यक निर्देशन दिने,

(छ) विश्वविद्यालयको जनशक्ति योजना स्वीकृत गर्ने,

(ज) उपकुलपतिको बार्षिक कार्यसम्पादनको मुल्यांकन गर्ने,

(झ) उपाधि, छात्रवृत्ति, पदक र पुरस्कारको मापदण्ड स्वीकृत गर्ने,

(ञ) विश्वविद्यालयमा गुणस्तर तथा सुशासन कायम गर्न आवश्यक कार्य गर्ने,

(ट) विश्वविद्यालयको उन्नति र विकासका लागि अन्य आवश्यक कार्यहरु गर्ने।

(२) सभाले आवश्यकता अनुसार विभिन्न समिति वा उपसमितिहरु गठन गर्न सक्नेछ। त्यस्ता समिति उपसमितिहरुको काम, कर्तव्य र अधिकार सभाले तोकेबमोजिम हुनेछ।

११. <u>बोर्डको गठनः</u> (१) विश्वविद्यालयको बोर्डको गठन देहाय बमोजिम हुनेछः

(क) सहकुलपति –अध्यक्ष

(ख) मन्त्रालयको सचिव –सदस्य

(ग) आर्थिक मामिला हेर्ने मन्त्रालयको सचिव –सदस्य

(घ) उच्च शिक्षाको क्षेत्रमा विशिष्ट योगदान पुर्याएका व्यक्तिहरु मध्येबाट एकजना महिला र आदिवासी, जनजाति, मुस्लिम, अल्पसंख्यक वा पिछडिएको वर्गका व्यक्तिहरु मध्येवाट एकजना सहित सहकुलपतिको सिफारिसमा कुलपतिबाट मनोनित तीनजना –सदस्य

(ङ) उपकुलपति –सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम मनोनित सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र निजहरु पुनः एक पटकको लागि मनोनित हुन सक्नेछन्।

कृष्ण प्रसाद पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
मुकाम: बुटवल, नेपाल

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनित सदस्यहरुले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा पदअनुकूलको आचरण नगरेमा कुलपतिले पदावधि पुरा नहुदै जुनसुकैबखत पदबाट हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम पदबाट हटाउनु अघि त्यस्तो सदस्यलाई सफाई पेश गर्ने मौका दिनुपर्नेछ।

(५) नियमावलीमा उल्लेख भएदेखि बाहेक बोर्डको बैठक सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैले तय गरेबमोजिम हुनेछ।

१२. <u>बोर्डको काम, कर्तब्य र अधिकार:</u> बोर्डको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विश्वविद्यालयको दीर्घकालीन योजना तयार गरी सभासमक्ष पेश गर्ने,
(ख) विश्वविद्यालय अन्तर्गतका पदाधिकारी, शैक्षिक तथा प्राज्ञिक निकायको कामको रेखदेख र समन्वय गर्ने,
(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका विशेष व्यक्तिहरुलाई प्रदान गरिने मानार्थ उपाधीको सिफारिस गर्ने,
(घ) विश्वविद्यालयको कोष र आर्थिक नीति सिफारिस गर्ने,
(ङ) कार्यकारी परिषद् र प्राज्ञिक परिषद्ले पेश गरेका विनियमावली र अन्य मापदण्ड स्वीकृतिका लागि सभासमक्ष पेश गर्ने,
(च) विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक विकासका लागि अन्य आवश्यक कार्यहरु गर्ने ।

१३. <u>कार्यकारी परिषदको गठन:</u> (१) विश्वविद्यालयको कार्यकारी निकायको रूपमा काम गर्न देहायका सदस्यहरू भएको एक कार्यकारी परिषद् गठन हुनेछः–

| | |
|---|---|
| (क) उपकुलपति | –अध्यक्ष |
| (ख) डीनहरू मध्येबाट उपकुलपतिले तोकेको एकजना | –सदस्य |
| (ग) प्राचार्य/विभागिय प्रमुखहरु हरू मध्येबाट उपकुलपतिले तोकेको एकजना | –सदस्य |
| (घ) विश्वविद्यालयका प्राध्यापक/शिक्षकहरु मध्येबाट उपकुलपतिले तोकेको एकजना | –सदस्य |
| (ङ) कुलसचिव | –सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिमका सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनित सदस्यहरुले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा पदअनुकूलको आचरण नगरेमा उपकुलपतिले पदावधि पुरा नहुदै पदबाट जुनसुकै बेला हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम पदबाट हटाउनु अघि त्यस्तो सदस्यलाई सफाई पेश गर्ने मौका दिनुपर्नेछ।

(५) कार्यकारी परिषदको बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(६) कार्यकारी परिषद्ले आफ्नो बैठकको कार्यविधि आफै तय गर्न सक्नेछ।



कृष्ण प्रसाद पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
मुकाम: बुटवल, नेपाल

१४. <u>कार्यकारी परिषदको काम, कर्तव्य र अधिकार:</u> (१) कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) सभाका निर्देशन तथा निर्णयहरू कार्यान्वयन गर्ने गराउने,

(ख) उपकुलपतिको काम कारवाहीमा सहयोग गर्ने,

(ग) विश्वविद्यालयको वार्षिक कार्यक्रम, बजेट, प्रगति विवरण, लेखा परीक्षण प्रतिवेदन, अन्य प्रतिवेदन र प्रस्तावहरू तयार गरी स्वीकृति वा अनुमोदनका लागि बोर्डमार्फत सभामा पेश गर्न सहयोग गर्ने,

(घ) शिक्षण तथा अन्य शुल्क निर्धारण गर्ने,

(ङ) विश्वविद्यालयको चल अचल सम्पत्तिको सञ्चालन, संरक्षण र रेखदेख गर्ने,

(च) विश्वविद्यालयको लागि प्रदान गरिएका आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(छ) प्रदेश सरकारले निर्धारण गरेका नीति, निर्देशनको पालना गर्ने गराउने,

(ज) विश्वविद्यालयको तर्फबाट गर्नुपर्ने कुनै सम्झौता, करार वा ठेक्का पट्टा गरी दिने लिने,

(झ) स्कुल वा संकायमा वा कलेजमा सञ्चालन हुने वा सञ्चालन भएका शैक्षिक कार्यक्रमका लागि आवश्यक मापदण्ड, पूर्वाधार र सुविधा निर्धारण तथा मूल्याङ्कन गर्ने,

(ञ) विश्वविद्यालयको विनियमको मस्यौदा तयार गरी बोर्डसमक्ष पेश गर्ने,

(ट) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूको दरबन्दी तोक्न बोर्डमा सिफारिस गर्ने र सेवा आयोगको सिफारिशमा नियुक्ति र बढुवा गर्ने,

(ठ) डीन, कार्यकारी निर्देशक, केन्द्रीय विभागका प्रमुख, प्राचार्य/ विभागीय प्रमुखको नियुक्ति गर्ने,

(ड) विश्वविद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि सम्बन्धित पक्षसँग समन्वय गर्ने गराउने,

(ढ) तोकिएबमोजिम अन्य कामहरू गर्ने।

(२) कार्यकारी परिषदको बैठक अध्यक्षको अनुमतिले सदस्य सचिवले बोलाउने छ।

(३) बैठक सम्बन्धी अन्य व्यवस्था परिषद् आफैले तोकेबमोजिम हुनेछ।

१५. <u>विश्वविद्यालय सेवा आयोग:</u> (१) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूको नियुक्ति तथा बढुवाको सिफारिश गर्न प्रदेश सरकारले देहाय बमोजिमको एउटा निष्पक्ष र स्वतन्त्र विश्वविद्यालय सेवा आयोगको गठन गर्नेछः

(क) प्रदेश लोकसेवा आयोगको अध्यक्ष वा निजले तोकेको प्रदेश लोकसेवा आयोगको सदस्य –अध्यक्ष

(ख) मन्त्रालयको सचिव –सदस्य

(ग) विज्ञहरू मध्येबाट सभाले नियुक्ति गरेको एक जना –सदस्य

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको सदस्य हुनका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछः



कृष्ण प्रसाद पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालय
बुटवल, नेपाल

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधी हासिल गरेको,

(ख) कम्तिमा १५ बर्ष विश्वविद्यालय तहमा प्राध्यापन वा अनुसन्धान कार्य गरी प्राध्यापकको उपाधी हासिल गरेको,

(ग) नेपाली नागरिक

(घ) पैसठ्ठी वर्ष उमेर ननाघेको,

(ङ) प्रचलित कानूनले अयोग्य नठहरिएको,

(३) मन्त्रालयको सचिवले सेवा आयोगको सदस्य सचिव भई काम गर्नेछ।

(४) उपदफा (१) को खण्ड (ग) बमोजिमको सदस्यको पदावधि चार वर्षको हुनेछ र निजको पुनः नियुक्ति हुनेछैन।

(५) सेवा आयोगले आफ्नो बैठकको कार्यविधि आफै तय गर्नेछ।

(६) सेवा आयोगको आफ्नै कर्मचारीको व्यवस्था नभएसम्म प्रदेश सरकारले सेवा आयोगका लागि आवश्यक कर्मचारी उपलब्ध गराउनेछ।

१६. सेवा आयोगको काम कर्तव्य र अधिकारः (१) सेवा आयोगको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विश्वविद्यालयलाई आवश्यक पर्ने मानव संशाधनको पद र तह बमोजिमको आवश्यक योग्यता र पाठ्यक्रम निर्धारण गर्ने,

(ख) विश्वविद्यालयबाट माग भएबमोजिम मानव संशाधन माग गरी विज्ञापन प्रकाशन गर्ने,

(ग) प्रचलित कानून बमोजिम खुला र आन्तरिक परीक्षाका लागि प्रतिशत निर्धारण गर्ने,

(घ) विश्वविद्यालयलाई आवश्यक पर्ने जनशक्ति छनौट गर्न लिखित, मौखिक र आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा संचालन गर्ने,

(ङ) छनौट भएका उम्मेदवारहरुलाई नियुक्तिका लागि सिफारिस गर्ने,

(च) विश्वविद्यालयलाई आवश्यक पर्ने जनशक्तिको परिपूर्तिका लागि कार्यतालिका तयार गरी लागु गर्ने,

(छ) विश्वविद्यालयमा कार्यरत कर्मचारीको बढुवाका आधारहरु तयार गर्ने,

(ज) विश्वविद्यालयलाई आवश्यक पर्ने मानव संशाधन आपूर्तिका लागि अन्य आवश्यक कार्य गर्ने,

(झ) पदपुर्ति र अन्य प्राविधिक कार्यको लागि आवश्यक विज्ञ जनशक्तिको सूची (रोष्टर) तयार गर्ने,

(२) विश्वविद्यालयले जनशक्ति मागका लागि खुला विज्ञापन गर्दा प्रचलित कानून बमोजिम समावेशिताको सिद्धान्त अवलम्बन गर्नुपर्नेछ।

१७. प्राज्ञिक परिषदको गठनः (१) विश्वविद्यालयको प्राज्ञिक निकायको रूपमा काम गर्न देहायका सदस्यहरू रहेको एउटा प्राज्ञिक परिषद् हुनेछः



कृष्ण प्रसाद पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
मुकाम: बुटवल, नेपाल

(क) उपकुलपति —अध्यक्ष

(ख) कुलसचिव -सदस्य

(ग) स्कूल/अध्ययन संस्थानका डीनहरू —सदस्य

(घ) अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक —सदस्य

(ङ) परीक्षा नियन्त्रक, —सदस्य

(च) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेका लब्ध प्रतिष्ठित विद्वानहरु मध्येबाट सभाले मनोनयन गरेका एकजना महिला सहित दुई जना—सदस्य

(छ) विश्वविद्यालयका शिक्षकहरू मध्येबाट एकजना महिला सहित दुई जना —सदस्य

(ज) पुस्तकालय प्रमुख —सदस्य

(झ) उपकुलपतिले मनोनयन गरेको डिन —सदस्य सचिव

(२) उपदफा (१) बमोजिमका मनोनित सदस्य तथा सदस्य सचिवको पदावधि दुई वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनित सदस्यहरुले आफूलाई सुम्पिएको जिम्मेवारी पूरा नगरेमा वा पदअनुकूलको आचरण नगरेमा उपकुलपतिले पदावधि पुरा नहुदै पदबाट जुनसुकै बेला हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम पदबाट हटाउनु अघि त्यस्तो सदस्यलाई सफाई पेश गर्ने मौका दिनुपर्नेछ।

(५) उपदफा (१) को पदेन सदस्य बाहेकका अन्य सदस्यहरू कार्यकारी परिषद्को सिफारिशमा उपकुलपतिले दुई वर्षको लागि मनोनयन गर्नेछ।

(६) प्राज्ञिक परिषदले आवश्यकतानुसार उपसमिति गठन गरी जिम्मेवारी दिन सक्नेछ।

१८. <u>प्राज्ञिक परिषदको काम, कर्तव्य र अधिकार:</u> प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) विश्वविद्यालयले प्रदान गर्ने उपाधिको व्यवस्था गर्ने,

(ख) विश्वविद्यालय अन्तर्गत अध्ययन, अनुसन्धान र प्रशिक्षण हुने बिषयहरूको पाठ्यक्रम निर्धारण गर्ने तथा सबै तहका शैक्षिक, प्राज्ञिक तथा अनुसन्धान कार्यको सञ्चालन तथा मूल्याङ्कन गर्ने,

(ग) परीक्षाको किसिम तोक्ने, लब्धाङ्कपत्र तथा विश्वविद्यालयले प्रदान गर्ने योग्यताको प्रमाणपत्र निर्धारण गर्ने,

(घ) विश्वविद्यालय अन्तर्गत अध्ययन, अध्यापन र अनुसन्धान गरिने विषयहरूमा भर्ना हुन चाहिने योग्यता र भर्ना हुने आधार तोक्ने,

(ङ) बोर्ड तथा कार्यकारी परिषद्लाई प्राज्ञिक विषयमा आवश्यक सल्लाह दिने,



कृष्ण प्रसाद पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
मुकाम: बुटवल, नेपाल

(च) अध्ययन अध्यापनलाई अनुसन्धानमूलक बनाउने र शिक्षण अनुसन्धान सम्बन्धी नीति निर्धारण तथा स्तर निर्धारण गर्ने,

(छ) शैक्षिक कार्यक्रम र पाठ्यक्रमको अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त गर्न आवश्यक कार्य गर्ने,

(ज) विश्वविद्यालयका विभिन्न तहमा अध्ययनका लागि प्रवेश गर्न चाहिने न्युनतम शैक्षिक योग्यता निर्धारण गर्ने,

(झ) विज्ञान प्रविधि, शैक्षिक तथा राष्ट्रिय विकासको क्षेत्रमा महत्वपूर्ण योगदान दिएका विशिष्ट व्यक्तिलाई विशेष उपाधी प्रदान गर्न सिफारिस गर्ने,

(ञ) विषय समितिहरुको राय लिई स्कूल वा संकायसँग सम्बन्धित विषयहरुको पाठ्यक्रम निर्धारण अनुमोदन वा शंसोधन आदि गर्ने र बिषय समितिहरुलाई आवश्यक निर्देशन र मार्गदर्शन गर्ने,

(ट) यस विधानमा उल्लेखित कुनै विषयमा विज्ञ समूहको राय आवश्यक भएमा सम्बन्धित डीनको संयोजकत्वमा सम्बन्धित क्षेत्रका विज्ञहरु सदस्य रहेको समिति गठन गरी कार्यदिश दिने,

(ठ) विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई समकक्षताको प्रमाणपत्र प्रदान सम्बन्धी आधार र मापदण्ड तयार गरी सिफारिस गर्ने,

(ड) स्वदेशी तथा विदेशी संस्थासँगको सहकार्यमा संयुक्त अध्ययन, अध्यापन, अनुसन्धान कार्य गर्न र संयुक्त डिग्री प्रदान गर्ने सम्बन्धी नीति तय गरी सिफारिस गर्ने,

(ढ) तोकिए बमोजिम अन्य कामहरू गर्ने।

१९. <u>अनुसन्धान केन्द्रको स्थापना र सञ्चालन</u>: (१) विश्वविद्यालयमा आवश्यकतानुसार शैक्षिक, प्राज्ञिक तथा विभिन्न व्यवसायिक र उत्पादनमूलक विषयहरुमा अनुसन्धानको लागि विभिन्न आविष्कार, नवप्रवर्तन एवं अनुसन्धान केन्द्रहरु स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने आविष्कार, नवप्रवर्तन एवं अनुसन्धान केन्द्रहरुको स्थापना, काम, कर्तव्य, अधिकार र सञ्चालन विनियममा तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम स्थापना हुने आविष्कार, नवप्रवर्तन एवं अनुसन्धान केन्द्रहरुले समान उद्देश्य भएका संघीय वा प्रादेशिक केन्द्रहरुसँग समन्वय र सहकार्य आदानप्रदान गर्न सक्नेछन्।

२०. <u>परीक्षा नियन्त्रण कार्यालय</u>: विश्वविद्यालयका परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्नको लागि परीक्षा नियन्त्रण कार्यालयको स्थापना गरिनेछ। परीक्षा नियन्त्रण कार्यालयको संगठन स्वरुप तथा अन्य व्यवस्था विनियममा तोकिए बमोजिम हुनेछ।

कृष्ण प्रसाद पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा विज्ञान युवा तथा खेलकुद मन्त्रालय
मुकाम: बुटवल, नेपाल

## परिच्छेद–५
## विश्वविद्यालयका पदाधिकारीहरुको नियुक्ति, काम, कर्तब्य र अधिकार

२१. कुलपति: (१) प्रदेश सरकारको मुख्यमन्त्री विश्वविद्यालयको कुलपति हुनेछ।

(२) कुलपति विश्वविद्यालयको प्रमुख र सभाको अध्यक्ष हुनेछ।

(३) कुलपतिले विश्वविद्यालयको दीक्षान्त समारोहको अध्यक्षता गर्नेछ।

२२. सहकुलपति: (१) प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालयको मन्त्री विश्वविद्यालयको सहकुलपति हुनेछ।

(२) कुलपतिको अनुपस्थितिमा सहकुलपतिले सभाको बैठकमा र विश्वविद्यालयको दीक्षान्त समारोहमा अध्यक्षता गर्नेछ।

२३. उपकुलपति: (१) उपकुलपति विश्वविद्यालयमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) विश्वविद्यालयको उपकुलपति पदमा नियुक्तिको लागि उपयुक्त उम्मेदवार सिफारिस गर्न देहाय बमोजिमको एक समिति गठन गरिनेछः

(क) सहकुलपति –संयोजक

(ख) पूर्व उपकुलपति वा प्राध्यापकको उपाधि हासिल गरेका व्यक्तिहरु मध्येबाट कुलपतिले मनोनित गरेको एकजना –सदस्य

(ग) मन्त्रालयको सचिव –सदस्य

(३) उपदफा (२) बमोजिमको समितिले उपकुलपतिको पदमा सिफारिस गर्न योग्य उम्मेदवार छनौट गर्न सम्बन्धित उम्मेदवारबाट विश्वविद्यालय विकास प्रस्ताव सहित निवेदन लिई आउन सात दिनको समय दिई राष्ट्रिय दैनिक पत्रिकामा सूचना आव्हान गर्नेछ।

(४) उपकुलपति पदका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछः

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि उपाधि हासिल गरेको,

(ख) कम्तिमा १५ बर्ष विश्वविद्यालय तहमा प्राध्यापन वा अनुसन्धान कार्य गरी प्राध्यापकको उपाधि हासिल गरेको,

(ग) नेपाली नागरिक

(घ) प्रचलित कानूनले अयोग्य नठहरिएको,

(५) उपदफा (३) बमोजिम प्राप्त प्रस्ताव मूल्यांकन गरी समितिले बढिमा तीनजना व्यक्तिको नामावली उपकुलपतिका लागि मन्त्रालयसमक्ष सिफारिस गर्नुपर्नेछ।

(६) समितिले आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ र आवश्यकता अनुसार विज्ञको सहयोग लिन सक्नेछ।

(७) प्रदेश सरकारले उपदफा (६) बमोजिम सिफारिस भएका व्यक्तिमध्येबाट एकजनालाई विश्वविद्यालयको उपकुलपति पदमा नियुक्त गर्नेछ।

(८) उपकुलपतिको कार्यकाल चार वर्षको हुनेछ ।

(९) उपकुलपतिको पारिश्रमिक तथा अन्य सेवा सुविधा विनियममा तोकिए बमोजिम हुनेछ ।



कृष्ण प्रसाद पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालय
मुकाम: बुटवल, नेपाल

२४. <u>उपकुलपतिको काम, कर्तव्य र अधिकार</u>: (१) प्रचलित कानूनमा तोकिए बाहेक उपकुलपतिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सभाको निर्णय र निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ख) कार्यकारी परिषदको अध्यक्षता गर्ने,

(ग) सभाको निर्देशनमा रही विश्वविद्यालयको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने,

(घ) विश्वविद्यालयको बार्षिक बजेट तर्जुमा गरी सभामा पेश गर्ने,

(ङ) विश्वविद्यालयको प्राज्ञिक कार्यक्रमको मुल्याङ्कन तथा प्रमाणीकरण सम्बन्धी कार्य गर्ने,

(च) विश्वविद्यालयमा अध्ययन तथा अध्यापन गरिने विभिन्न विषयहरुको पाठ्यक्रमको निर्धारण तथा विकासको लागि आवश्यक कार्य गर्ने,

(छ) शैक्षिक कार्यक्रमका क्रियाकलापहरुको सहजीकरण, नियमन र मुल्याङ्कन गर्ने,

(ज) शिक्षण संस्थाहरुको सञ्चालन र व्यवस्थापनको सुपरिवेक्षण र नियमन गर्ने,

(झ) अक्षयकोष सञ्चालन गर्ने गराउने,

(ञ) ऐन, नियमावली र यस विधान वा अन्तर्गत बनेका अन्य विनियममा कुनै पदाधिकारीले गर्ने भनी उल्लेख भए बाहेकका विश्वविद्यालय सम्बन्धी अन्य कामहरु गर्ने,

(ट) सभा र बोर्डले तोके बमोजिमका अन्य कार्यहरु गर्ने, गराउने।

(२) उपकुलपति आफ्नो र समग्र विश्वविद्यालयको कामको लागि सभाप्रति उत्तरदायी हुनेछन्।

(३) विश्वविद्यालयको सबै काम कारवाही उपर उपकुलपतिको सामान्य नियन्त्रण रहनेछ र निजले विश्वविद्यालयको काम कारवाहीमा निर्देशन दिन र रेखदेख गर्न सक्नेछ।

(४) ऐन, नियमावली र यो विधानको पालना गर्ने गराउने उपकुलपतिको प्रमुख कर्तव्य हुनेछ।

(५) कुलपति र सहकुलपति दुवैको अनुपस्थितिमा विश्वविद्यालयको सभा र दीक्षान्त समारोहमा उपकुलपतिले अध्यक्षता गर्नेछ।

२५. <u>कुलसचिव</u>: (१) कुलसचिव विश्वविद्यालयको प्रमुख प्रशासकीय र वित्तीय अधिकृतको रुपमा पूरा समय काम गर्ने वैतनिक पदाधिकारी हुनेछ।

(२) उपकुलपतिको सिफारिसमा कुलपतिले देहाय बमोजिमको योग्यता भएको व्यक्तिलाई कुलसचिवमा नियुक्ति गर्नेछ।

क) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरेको,

ख) विश्वविद्यालय शिक्षाको क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव हासिल गरेको,

ग) प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको।

(३) कुलसचिवको पदावधि चार वर्षको हुनेछ।

(४) कुलसचिवको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू विनियममा तोकिएबमोजिम हुनेछ।



कृष्ण प्रसाद पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
मुकाम: बुटवल, नेपाल

२६. <u>कुलसचिवको काम, कर्तव्य र अधिकार</u>: कुलसचिवको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विश्वविद्यालयको सामान्य प्रशासन, आर्थिक प्रशासन तथा व्यवस्थापन सम्बन्धि कार्य गर्ने गराउने,

(ख) लेखा उत्तरदायी अधिकृतको रुपमा काम गर्ने,

(ग) बार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यकारी परिषद समक्ष पेश गर्ने,

(घ) सूचना तथा प्रविधिको व्यवस्था र सञ्चालन गर्ने,

(ङ) विश्वविद्यालयको अभिलेख अद्यावधिक गर्ने,

(च) पुस्तकालय व्यवस्थापनमा आवश्यक सहयोग गर्ने,

(छ) सभा, बोर्ड र उपकुलपतिले तोके बमोजिम अन्य कामहरु गर्ने,

२७. <u>डीनः</u> (१) स्कुल वा संकाय प्रमुखको रुपमा काम गर्न प्रत्येक स्कुल वा सँस्थानमा एकजना डीन रहनेछ।

(२) डीनको नियुक्ति कार्यकारी परिषदको सिफारिसमा उपकुलपतिले गर्नेछ।

(३) डिनको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तहरु विनियममा तोकिए बमोजिम हुनेछ।

२८. <u>कार्यकारी निर्देशक र अन्य पदाधिकारीहरुः</u> (१) विश्वविद्यालयमा स्थापना हुने अनुसन्धान केन्द्रका प्रमुख, परीक्षा नियन्त्रक तथा अन्य आवश्यक पदाधिकारीहरुको नियुक्ति कार्यकारी परिषदको सिफारिसमा उपकुलपतिले गर्नेछ।

(२) उपदफा (१) बमोजिमका पदाधिकारीहरुको नियुक्ति सेवा सुविधा तथा काम कर्तव्य र अधिकार विनियममा व्यवस्था भए बमोजिम हुनेछ।

२९. <u>नियुक्ति गर्नु पर्ने अवधिः</u> यस विधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयको कुनै पदाधिकारीको पद रिक्त भएमा सम्बन्धित निकायले रिक्त भएको तीन महिनाभित्र त्यस्तो पदमा नियुक्ति हुने व्यवस्था मिलाउनुपर्नेछ।

३०. <u>पदबाट हटाउन सकिनेः</u> (१) उपकुलपति वा कुलसचिवले आफ्नो पद अनुरुपको जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा निजले पद अनुकूलको आचरण नगरेको भनी सभामा तत्काल कायम रहेका एकतिहाइ सदस्यले निजलाई पदबाट हटाउन कुलपति समक्ष लिखित निवेदन दिएमा उच्च शिक्षा परिषद्ले उच्च शिक्षा परिषद्को कुनै सदस्यको अध्यक्षतामा तीन सदस्यीय छानबिन समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गठित छानबिन समितिले सो सम्बन्धमा आवश्यक छानबिन गरी तीस दिन भित्र आफ्नो प्रतिवेदन कुलपति समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि कुलपतिले सो प्रतिवेदन सभा समक्ष पेश गर्नेछ।

(४) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन उपर छलफल हुँदा सभामा तत्काल कायम रहेको कुल सदस्य संख्याको बहुमत सदस्यले उपकुलपति वा कुलसचिवलाई पदबाट हटाउने निर्णय गरेमा कुलपतिले त्यस्तो उपकुलपति वा कुलसचिवलाई पदबाट हटाउने छ।

तर, त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनुपर्नेछ।



कृष्ण प्रसाद पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालय
बुटवल, नेपाल

(५) उपकुलपति वा कुलसचिव बाहेक विश्वविद्यालयका अन्य पदाधिकारीहरुलाई उपदफा (१) बमोजिम आरोपमा छानविन गर्दा वा पदबाट हटाउदा अपनाउनुपर्ने प्रक्रिया विनियममा तोकिए बमोजिम हुनेछ।

(६) यस दफा बमोजिम कुनै पदाधिकारी माथि छानविन शुरू भएमा त्यस्तो छानविन शुरु भएको तीन महिना भित्र अन्तिम निर्णय गरिसक्नुपर्नेछ। त्यसरी अन्तिम निर्णय नभएसम्म त्यस्तो पदाधिकारीले आफू बहाल रहेको पदको काम गर्न पाउने छैन।

(७) उपदफा (६) बमोजिमको पदाधिकारीले गर्ने दैनिक कार्य सम्पादन गर्नका लागि कुलपतिले विश्वविद्यालयको कुनै वरिष्ठतम पदाधिकारीलाई जिम्मेवारी तोक्न सक्नेछ।

## परिच्छेद–६
## विविध

३१. विश्वविद्यालयमा भर्ना हुन चाहिने योग्यताः (१) विश्वविद्यालयमा भर्ना हुन चाहिने योग्यता विनियममा तोकिए बमोजिम हुनेछ।

(२) योग्यता पुगेका बिद्यार्थीहरुको प्रवेश परीक्षा लिइ भर्ना गरिने छ, तर प्रदेश सरकारबाट छुट्टै आरक्षण गरिएकोमा सोही अनुसार हुने छ।

(३) विद्यार्थीलाई उपलब्ध गराइने छात्रवृत्ति सम्बन्धी व्यवस्था विनियममा तोकिए बमोजिम हुनेछ।

३२. काम कारवाही अवैध नमानिनेः विश्वविद्यालयको कुनै पदाधिकारीको स्थान रिक्त भै पदाधिकारीको नियुक्ति वा कुनै निकायको गठनमा त्रुटि भै काम भएको रहेछ भने सो कारणले मात्र त्यस्तो काम कारवाही अवैध मानिने छैन।

३३. समकक्षता सम्बन्धी व्यवस्थाः विदेशी वा अन्य विश्वविद्यालयबाट उत्तिर्ण गरेका विद्यार्थीहरुले प्राप्त गरेको उपाधिको समकक्षता सम्बन्धी व्यवस्था विनियममा तोकिए बमोजिम हुनेछ।

३४. अधिकार प्रत्यायोजनः (१) सभा, कार्यकारी परिषद् र सेवा आयोगले यस विधान वा अन्तर्गत बनेको बिनियम बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार विश्वविद्यालयको कुनै समिति वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३५. वार्षिक प्रतिवेदनः विश्वविद्यालयको वार्षिक प्रतिवेदन उपकुलपतिले सभामा पेश गर्नेछ।

३६. स्वीकृति लिनु पर्नेः यस विधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारलाई थप आर्थिक व्ययभार पर्ने विषयमा बिनियम बनाउँदा वा कार्य गर्दा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

३७. मनोनयन सम्बन्धी व्यवस्थाः यस विधान बमोजिम विश्वविद्यालयका विभिन्न निकायमा मनोनयन भएका सदस्यहरुको पदावधि पूरा नहुँदै पद रिक्त हुन गएमा त्यस्तो पदमा जुन प्रक्रियांबाट मनोनयन गरिएको हो सोही बमोजिमको प्रक्रिया पूरा गरी सदस्यको मनोनयन गर्न सकिनेछ।

३८. बिनियम/निर्देशिका बनाउने अधिकारः यो विधानको उद्देश्य कार्यान्वयन गर्न विश्वविद्यालयले आवश्यक विनियम/ निर्देशिका बनाउन सक्नेछ।



कृष्ण प्रसाद पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
मुकाम: बुटवल, नेपाल

३९. **व्याख्याको अधिकार:** यस विधानको व्याख्याको अधिकार बोर्डलाई हुनेछ।

४०. **विश्वविद्यालयको विघटन:** विश्वविद्यालय विघटन वा खारेज सम्बन्धी व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ।

४१. **निर्देशन दिन सक्ने:** प्रदेश सरकारले विश्वविद्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु विश्वविद्यालयको कर्तव्य हुनेछ।

अनुसूची-१

दफा ३ सँग सम्बन्धित

**विश्वविद्यालयको छाप**

यस छापमा प्रयोग भएका चित्र संकेतहरुको विवरण देहायबमोजिम रहेको छः

(क) उच्च शिक्षा दीक्षान्तको प्रतीक चिन्ह टोपी

(ख) समग्रमा लेख्ने साधनको प्रतीक चिन्ह कलम

(ग) कलमको निबमा कमलको फूलमाथिको प्रतीक चिन्ह गौतम बुद्धको ज्ञानमुद्राको आसन

(घ) कलमको निबको दायाँ बायाँको प्रतीक चिन्ह पुस्तकका पाना

(ङ) पुस्तकको पानाका दायाँ बायाँको प्रतीक चिन्ह धानको बाला

(च) कलमको निबको टुप्पो मुनि रहेको प्रतीक चिन्ह सूचना प्रविधि




कृष्ण प्रसाद पन्थ
सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
मुकाम: बुटवल, नेपाल

## अनुसूची – २

दफा ७ को उपदफा (२) सँग सम्बन्धित

**विश्वविद्यालयको संगठनात्मक स्वरुप**




कृष्ण प्रसाद पन्थ
सचिव